खिजीदेम्वा गाउँपालिकाको आठौं गाउँ सभामा मिति २०७७ अषाढ १० गते बुधबार गाउँपालिका अध्यक्ष श्री वेद बहादुर रोकाले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७७/०७८ को

# वार्षिक नीति तथा कार्यक्रम

खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल

श्री गाउँपालिकाको उपाध्यक्षज्यू तथा
गाउँ सभाका सदस्यज्यूहरु,

महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस(कोभिड-१९)को संक्रमणले नेपाल सहित विश्व समुदायनै आकान्त भई रहेको अवस्थामा आज मिति २०७७ साल असार १० गतेका दिन खिजीदेम्बा गाउँपालिकाको आठौ गाउँ सभामा गाउँपालिकाको अध्यक्षको हैसियतले गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७/०७८ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवान्वित महसुस गरेकों छु । यस अबसरमा सम्पूर्ण खिजीदेम्बा गाउँपालिकाबासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाईहरुप्रति हार्दिक आभार व्यक्त गदै सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका खातिर विभिन्न कालखण्डमा भएका नेपालको ऐतिहासिक, राजनैतिक जनआन्दोलन तथा संघर्षहरुमा आफ्नो प्राण उत्सर्ग गरी सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति खिजीदेम्वा गाउँपालिका परिवार तथा सम्पुर्ण खिजीदेम्वा गाउँपालिकाबासीहरुको तर्फबाट हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

खिजीदेम्वा गाउँपालिकाको आठौं गाउँ सभा सम्म आई पुग्दा विगत तीन वर्ष देखि हामीले यस गाउँपालिकामा **"खिजीदेम्वा गाउँपालिकाको लक्ष्य बिकास, संमृद्धि र सुन्दर भविष्य"** भन्ने मुल लक्ष्य लिएर खिजीदेम्वा गाउँपालिकाको विकास र खिजीदेम्वा गाउँपालिकाबासीहरुको हितका लागि विभिन्न क्षेत्रहरुमा धेरै कामहरु गरि सकेका छौ । यस गाउँपालिकाको आवश्यकताका दृष्टिकोणले हेर्दा हाम्रो गाउँपालिकाले हाल सम्म गरेका कार्यहरु अपर्याप्त हुन सक्छन तर तुलनात्मक रुपमा खिजीदेम्वा गाउँपालिकाको गठन पुर्व र गठन पश्चातको अवस्थालाई हेर्ने हो भने यस गाउँपालिकामा आजका दिन सम्म जे जति कामहरु भएका छन ती सबैकामहरु संमृद्ध खिजीदेम्वा गाउँपालिका निर्माणका लागि कम छैनन् । खिजीदेम्वा गाउँपालिकाको प्रगति एवं संमृद्धिका लागि यस गाउँपालिकाले गरेका सवै कामहरु सिंगो खिजीदेम्वा गाउँपालिका परिवार एवं सम्पूर्ण जनप्रतिनिधीहरुबाट एक मतले गरेको साझा प्रयासमा आम खिजीदेम्वा गाउँपालिकाबासीहरुको साथ र सहयोगबाट भएको हो । संघीय र प्रदेश सरकारका साथै विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रीय गैरसरकारी सस्थाहरुसंगको सहयोग, समन्वय र सहकार्यका कारणले भएको हो । नीति निर्माण तथा कार्यक्रम कार्यान्वयनमा सेवाग्राही तथा सरोकारवाला सवै क्षेत्र र राष्ट्रसेवक कर्मचारी बर्गको महत्वपूर्ण भुमिका रहेको छ । यो साथ, सहयोग, समन्वय र सहकार्यका लागि संलग्न सम्पूर्णमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

दुर्गम पहाडी भूगोल, सिमित स्रोत र साधन, असिमित आवश्यकता छरिएर रहेका बस्तीहरु आदि विभिन्न चुनौतिहरुको सामना गदै आएको हाम्रो गाउँपालिकामा आज विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाईरस(कोभिड १९) को महामारीले गर्दा हामीलाई झन ठुलो चुनौति थपिएको छ । हाल सम्मको परिस्थिती, बस्तु स्थितीलाई हेर्दा आगामी दिनमा हामीले एकातर्फ कोरोना भाईरस(कोभिड १९)को संक्रमण रोकथाम तथा नियन्त्रण र त्यसबाट उत्पन्न हुन सक्ने सम्भावित विपद्ले सृजना गर्ने प्रतिकुल परिस्थितिको सामना गर्नु पर्ने देखिन्छ भने अर्को तर्फ हाम्रा बार्षिक विकास निर्माणका कार्यक्रमहरु सञ्चालन गरी खिजीदेम्वा गाउँपालिकाको विकास निर्माणलाई निरन्तरता दिनु परेको छ । साधन र स्रोत सीमित छ, आवश्यकताअरु असीमित छन्, चुनौति धेरै छन् । यस्तो कठिन परिस्थितीमा हाम्रो आगामी आर्थिक वर्ष २०७७०७८ को बार्षिक नीति तथा कार्यक्रम तयार पारी अगाडी बढाउनु निकै नै चुनौतिपुर्ण कार्य हुनेछ । निश्चय नै हाम्रा आगामि परिस्थिती जटिल छन, चुनौति धेरै छन् तर हाम्रो साझा प्रयासबाट उपलब्ध स्रोत र साधनको उचित सदुपयोग गरी सबै

प्रकारका चुनौतिहरुको सामना गर्न सक्छौ भन्ने हाम्रो खिजीदेम्बा गाउँपालिकाको दृढ विश्वास रहेको छ । पुन दोहोर्याउन चाहान्छु विगत देखि गरेका हाम्रा सारा विकास निर्माणका कार्यहरु र आजको दिन सम्म कोरोना भाईरस(कोभिड १९) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि भए गरेका हाम्रा सबै कार्यहरु समेत यहि हाम्रो साझा प्रयास तथा सहकार्य, समन्वय र एक अर्काको सहयोगकै परिणाम हुन । यसरी नै सबैको साथ र सहयोगबाट हामी हाम्रा आगामी दिनहरुमा आई पर्ने सबै चुनौतिहरुलाई पार गर्दै सिंगो खिजीदेम्बा गाउँपालिकाको विकासमा लागि पर्ने छौ भन्ने दृढ विश्वास लिएर यो सम्मानित गाउँसभा समक्ष खिजीदेम्बा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७/०७८ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**श्री गाउँपालिका उपाध्यक्षज्यू तथा**
**गाउँ सभाका सदस्यज्यूहरु,**

- नेपालको संविधान बमोजिम केन्द्र, प्रदेश तथा स्थानीय सरकार बिच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तका आधारमा **"खिजीदेम्बा गाउँपालिकाको लक्ष्य, विकास समृद्धि र सुन्दर भविष्य"** को महान अभियानलाई सार्थकता प्रदान गर्ने दिशा तर्फ खिजीदेम्वा गाउँपालिकाका हाम्रा आगामि वर्षका सम्पूर्ण विकास निर्माणका क्रियाकलापहरु अगाडी वढाइनेछ ।
- कोरोना भाईरस(कोभिड १९)को विश्वव्यापी माहामारीले उत्पन्न गराउन सक्ने विपद्को सामना तथा मानव जिवन रक्षा गर्ने कार्यलाई प्रमुखता दिई संघ, प्रदेश र स्थानीय सरकारका बिच आवश्यक समन्वय र सहकार्य गरी छिमेकी जिल्ला तथा स्थानीय तहसंग समेतको समन्वयमा आम सर्वसाधारणको साथ र सहयोग जुटाई सबै प्रकारका उपायहरु अवलम्बन गरी यो भाईरस संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक कार्यहरु सञ्चालन गरिने छ ।
- संघ, प्रदेश र स्थानीय तहबाट प्राप्त स्रोत र साधनका साथै गैर सरकारी संस्थाहरु एवं दातृसंस्थाहरु समेतबाट आवश्यक स्रोत साधन जुटाई एक अर्काको साथ सहयोग समन्वय र सहकार्यमा सबै प्रकारका विकास निर्माणका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।
- गाउँपालिकाको विकास निर्माणका लागि सञ्चालन नगरी नहुने अत्यावश्यक तथा गाउँपालिकाको गौरवका रुपमा लिइने केही ठूला आयोजनाहरुलाई संघ र प्रदेश सरकार सगको बजेट साझेदारीमा सञ्चालन गरिने छ ।
- आगामी आर्थिक वर्षमा सञ्चालन गरिने कार्यक्रमहरु मध्ये ठुला तथा गाउँपालिकाका गौरवका रुपमा रहेका आयोजनाहरुलाई आवश्यकताका आधारमा प्राथमिकीकरण गरी बहुवर्षीय आयोजनाको रुपमा सञ्चालन गरिने छ ।
- चालु आर्थिक वर्षमा राखिएका कार्यक्रमहरु तथा विगत देखि निरन्तर रुपमा आईरहेका कार्यक्रमहरुमध्ये खिजीदेम्बा गाउँपालिकाको **कृषि, पर्यटन तथा जडिबुटीको गुरुयोजना** सम्पन्न भई सकेका भएपनि गाउँपालिकाको डिजिटल पार्स्व चित्र निर्माण, आवधिक योजना, थोलेदेम्बा पर्यटकीय स्थल बिस्तृत परियोजना प्रतिवेदन निर्माणको काम लगायतका अन्य कार्यक्रमहरु कार्यसम्पन्नको अन्तिम चरणमा रहेका भएपनि देशमा भएको बन्दाबन्दीका कारण सम्पन्न गर्न ढिलाई भएको हुँदा परिस्थिती सहज हुन साथ उक्त कार्यहरुलाई पूर्णता दिईने छ ।

- रोजगारी सिर्जना र अधिक संख्यामा रोजगारी उपलब्ध गराउन स्थानीय श्रमको सदुपयोग गरी काममा आधारीत राहात कार्यक्रम लागु गर्नका लागि आगामी आर्थिक वर्षमा गाउँपालिकामा सञ्चालन गरिने विकास निर्माणका कार्यहरुलाई सम्भाव्यताको आधारमा **७० प्रतिशत श्रममुलक र ३० प्रतिशत** यान्त्रिकरण हुने व्यवस्था लागु गरिने छ ।
- गाउँपालिका लगायत सबै वडा कार्यालयहरुमा प्रवाह गरिने सार्वजनिक सेवालाइ विद्युतीय शासन प्रणाली (E-governance system) को अवधारणा अनुरुप विकास गरिदै लगिने छ ।
- विकास निर्माणमा स्थानीय समुदायहरुको अपनत्व महसुस गराउन समुदायको सहभागिता र श्रममा आधारित योगदानलाई प्रभावकारी रुपमा अगाडी बढाईने छ ।
- विकासको अभियानमा निजी तथा गैरसरकारी संघ सस्थाहरु र सहकारी क्षेत्रलाई आकर्षित गर्ने नीति अवलम्बन गरिने छ ।
- कृषि, पर्यटन तथा उच्च मुल्य बनस्पती(जडिबुटी) गूरुयोजना र बिभिन्न बिस्तृत परियोजना प्रतिवेदनमा समावेश भएका कार्यक्रम सहित यस गाउँपालिकामा उपलब्ध जल जमिन, जंगल आदि प्राकृतिक स्रोत र साधनमा लगानी बढाउन **एकीकृत प्रोजेक्ट बैंक** निर्माण गरिने छ ।

**महामारी नियन्त्रण**

- हाल विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाईरस(कोभिड १९) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि आवश्यक पुर्व सर्तकता अपनाउने कार्यक्रम सञ्चालन गरिने छ ।
- कोरोना भाईरस(कोभिड १९)को संक्रमण नियन्त्रण गर्न जनमानसमा उच्च सर्तकता अपनाउनका लागि वडा तथा टोल बस्तीमा आवश्यक सचेतना कार्यक्रम सञ्चालन गरिने छ । यस भाईरसको नियन्त्रण तथा रोकथाम कार्य गर्न गराउन आवश्यक पर्ने विभिन्न प्रकारका स्वास्थ्य उपकरण स्वास्थ्य सामाग्रीको व्यवस्था गर्नुको साथै स्वास्थ्यकर्मीहरुलाई सुरक्षा प्रवन्ध मिलाई सेवामा सक्रिय गर्ने गराउने व्यवस्था गरिने छ ।
- संक्रमितहरुको पहिचानका लागि गाउँपालिका स्तरमा नै RDT तथा PCR पद्धतिबाट परिक्षण गर्न स्वाव संकलन गर्ने कार्य गरिने छ ।
- हरेक वडामा रहेका ५/५ शैयाको क्वारेन्टाईनका अतिरिक्त गाउँपालिका स्तरमा थप ३० शैयाको क्वारेन्टाईन स्थापना गरी कुल गाउँपालिका भरी न्यूनतम ७५ शैयाको क्वारेन्टाईन व्यवस्था गरिने छ ।
- कोरोना भाईरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि भएको बन्दाबन्दीका कारणले अर्थात महामारीका काराण उत्पन्न हुन सक्ने मानवीय विपद्मा आवश्यक सहयोगको कार्यक्रम सञ्चालन गरिने छ ।
- देशमा विद्यमान बन्दाबन्दीको अवस्था रहि रहँदा उत्पन्न हुने विपद् र कोरोना भाईरस(कोभिड १९)को संक्रमणको कारण उत्पन्न हुन विपद्का लागि गाउँपालिकाले उच्च सतर्कता साथ आवश्यक राहात तथा उद्धारको कार्यक्रम गर्ने छ ।
- दैनिक रुपमा ज्याला मजदुरी गरी जिवीका गर्ने शारिरीक रुपमा तन्दुरुस्त सवल व्यक्तिहरुलाई **काममा आधारित रोजगार कार्यक्रम अन्तर्गत** श्रममा आधारित राहात कार्यक्रम उपलव्ध गराईने छ ।

- अति विपन्न तथा साथ र सहयोग प्राप्त गर्न नसक्ने संरक्षण विहीन व्यक्तिहरुलाई उसको उद्धारको कार्यमा सहयोग गर्ने व्यवस्था गरिने छ ।
- कोरोना भाईरस(कोभिड १९) तथा अन्य महामारी रोकथाम तथा नियन्त्रण र विपद् व्यवस्थापनका लागि खिजीदेम्बा गाउँपालिकाको विपद् कोषमा आवश्यक बजेटको व्यवस्था गरी महामारी नियन्त्रण तथा विपद् व्यवस्थापनको कार्य सञ्चालन गरिने छ ।

### पूर्वाधार विकास

#### भवन निर्माण तर्फ

- संघ सरकारको साझेदारीमा निर्माण हुने खिजीदेम्बा गाउँपालिकाको प्रशासकीय भवन बहुवर्षीय आयोजनामा र गाउँपालिकाको एकल लगानीमा निर्माण हुने गाउँपालिकाको अस्थायी कार्यालय भवन ठेक्का आव्हान गरी निर्माणको चरणमा रहेकोले आगामी आर्थिक वर्ष भित्रमा सम्पन्न गरिसकिने छ ।
- खिजीदेम्बा गाउँपालिका वडा नं. ३ खिजीचण्डेश्वरीमा प्रशुति सेवा सहितको ५ शैयाको अस्पताल भवन निर्माणको लागि ठेक्का सम्झौता भई सकेकोले निर्माण कार्यलाई आगामी आर्थिक वर्ष भित्र सम्पन्न गरिने छ ।
- स्वास्थ्य भवन नभएका वडाहरुमा **स्वास्थ्य भवन निर्माण गर्ने कार्यक्रम अन्तर्गत** चालु आर्थिक वर्षमा निर्माण सम्पन्न हुन नसकेको स्वास्थ्य भवन आगामी आर्थिक वर्षको पहिलो **छ महिना भित्र** सम्पन्न गराई सबै वडामा स्वास्थ्य भवनको व्यवस्था गरिने छ ।
- भूकम्पका कारणले क्षतिग्रस्त भएका विद्यालय भवनहरु पुन निर्माण गर्ने कार्यलाई तिव्रता दिई सबै विद्यालयहरुमा विद्यालय भवनहरुको व्यवस्था गरिने छ ।
- प्रत्येक वडामा वडा कार्यालय भवन निर्माण गर्नका लागि आवश्यक पहल गरिने छ ।
- आवश्यकताका आधारमा प्राथमिकता निर्धारण गरी वडागत रुपमा वडा कार्यालयबाट सामुदायिक भवन, आमा समुह भवन निर्माण गर्ने व्यवस्था मिलाईने छ ।

### सडक पुर्वाधार विकास तथा यातायात सुविधाको विस्तार :

**"खिजीदेम्बा गाउँपालिका सडक यातायात र हवाई यातायात सहितको गाउँपालिका"**

- खिजीदेम्बा गाउँपालिकाको विकास र संमृद्धिमा बहु आयामिक महत्व राख्ने गाउँपालिकाको गौरवको योजनको रुपमा रहेको राजधानी र प्रदेशलाई जोड्ने खिजीदेम्बा गाउँपालिकाको लिखु भुसिंगा सडकलाई स्तरोन्नती गर्दै पक्कि सडक निर्माण कार्य चालु आर्थिक वर्षको घोषित नीति तथा कार्यक्रम अनुसार आगामी आर्थिक वर्ष २०७७०७८ बाटै उक्त लिखु भुसिंगा सडकलाई पक्की सडकको रुपमा स्तरोन्नती गरिने कार्य सुरु गरिने छ । यसका लागि संघ र प्रदेश सरकारबाट आवश्यक थप बजेट व्यवस्था गरिदिन समेत आवश्यक पहल गरिने छ ।
- जिल्ला सदरमुकाम जोड्ने सडक, छिमेकी गाउँपालिका जोड्ने सडक स्तरोन्नतीका साथै **"एक वडा एक मुल सडक"** को अवधारणा अनुरुप प्रत्येक वडा कार्यालयलाई गाउँपालिका सम्म जोड्ने सडक र सबै वडाका हरेक टोल बस्तीमा निर्माण भएका गाउँ सडक सञ्जालको स्तरोन्नती तथा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- खिजीदेम्बा गाउँपालिका वडा नं. ३ खिजीचण्डेश्वरी हवाई मैदानको स्तरोन्नती गर्ने कार्यको लागि आवश्यक बजेट व्यवस्था गर्न संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयमा आवश्यक पहल गरिने छ ।

➤ हाल काठमाण्डौबाट खिजीदेम्वा गाउँपालिका खिजीफलाटे र काठमाण्डौबाट खिजीदेम्वा गाउँपालिकाको रगनी सम्म गरी २ स्थानमा सञ्चालन भईरहेको सार्वजनिक बस यातायात सेवालाई सडक मार्ग स्तरोन्नती गरी आगामी आर्थिक वर्ष भित्रमा काठमाण्डौ देखि खिजीदेम्वा गाउँपालिका वडा नं. ४ खिजीकातिको सन्जावारी र काठमाण्डौ देखि खिजीदेम्वा गाउँपालिका वडा नं. ७, ८ दोलु भुसिंगा र वडा नं. २ को फेताले सम्म थप सार्वजनिक बस सेवा सञ्चालन गर्न आवश्यक पहल गरिने छ । साथै खिजीदेम्वा गाउँपालिका खिजीफलाटे देखि जिल्ला सदरमुकाम ओखलढुंगाका लागि नियमित सडक यातायात सेवा सञ्चालन गर्नका लागि पहल गरिने छ ।

➤ चालु आर्थिक वर्षमा सफल परिक्षण उडान गरि समुद्घाटन गरिएको खिजीदेम्वा गाउँपालिकाको खिजीचण्डेश्वरी हवाई मैदानमा चालु आर्थिक वर्ष देखिनै सञ्चालन गर्न लागिएको नियमित उडान सञ्चालन गर्ने कार्य देशमा भएको बन्दाबन्दीको कारणले हुन नसकेको हुँदा उक्त हवाई मैदानमा परिस्थिती सामान्य भएपछि नियमित उडान सञ्चालन गर्न पहल गरिने छ ।

**ग्रामिण विद्युतीकरण : "खिजीदेम्वा गाउँपालिका उज्यालो गाउँपालिका"**

➤ ग्रामिण विद्युतीकरण कार्यक्रम अन्तर्गत सुरु गरिएको केन्द्रिय विद्युत प्रशासण लाइन जडान गर्ने कार्यलाई यथाशक्य आगामी आर्थिक वर्ष भित्र सम्पन्न गर्ने गरी खिजीदेम्वा गाउँपालिकाका सबै घरपरिवारमा केन्द्रिय विद्युत सेवा वा ग्रामिण माइक्रोहाईड्रो विद्युत सेवा उपलव्ध गराउनुका साथै आर्थिक रुपले विपन्न घरपरिवालाई निशुल्क सौर्यउर्जा उपलव्ध गराई सबै घरपरिवारमा विद्युतीय उज्यालो उपलव्ध गराइनेछ ।

➤ खिजीदेम्वा गाउँपालिका भएर बग्ने लिखु नदिबाट साना तथा ठुला जलविद्युत आयोजना सञ्चालन गर्न गराउन लगानीकर्ताहरुलाई आकर्षित गर्ने र आयोजना सञ्चालनमा आवश्यक सहजीकण गर्दै यस गाउँपालिकालाई जलविद्युत उत्पादनको गाउँपालिका बनाउन पहल गरिने छ ।

**सञ्चार तथा सूचना प्रविधि सेवा :**

➤ आवश्यक टेलिफोन टावरको व्यवस्था गरि गाउँपालिका भित्रका सवै टोल बस्तीमा सञ्चार सेवा उपलव्ध गराइनेछ ।

➤ गाउँ कार्यपालिकाको प्रवक्ता मार्फत गाउँ कार्यपालिकाले सम्पादन गरेका कार्य वा निर्णयहरु सार्वजनिक जानकारीमा ल्याउने व्यवस्था गरिनेछ ।

➤ गाउँपालिकाको बार्षिक प्रगति पुस्तिका र बार्षिक योजना तथा कार्यक्रमहरु प्रकाशन गरी सार्वजनिक गरिने छ ।

➤ गाउँ कार्यपालिकाको वेब साइट मार्फत गाउँपालिका सम्बन्धित सम्पूर्ण सूचनाहरु उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिइने छ ।

➤ प्रमुख प्रशासकीय अधिकृतले तोकेको सूचना अधिकारी मार्फत गाउँ कार्यपालिकाको कार्यालयसंग सम्बन्धित सूचना सरोकारवालाहरुलाई उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

➤ खिजीदेम्वा गाउँपालिका खिजीफलाटे र प्रत्येक वडा कार्यालयमा सञ्चालनमा रहेको सुविसुको इन्टरनेट सेवा वा अन्य इन्टरनेट सेवाको व्यवस्था गरि इन्टरनेट सेवालाई आवश्यकता अनुसार गाउँपालिका भरी विस्तार गरिने छ ।

➢ रेडियो, टेलिभिजन, स्थानीय एफ.एम. पत्रपत्रिका आदिलाई तिनीहरुको विकासकालागि सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिने छ ।

➢ खिजीदेम्वा गाउँपालिकाका विभिन्न विकास आयोजना, कार्यक्रम तथा अन्य क्रियाकलापहरुलाई जनचेतनामुलक रेडियो तथा पत्रिका कार्यक्रम, टेलिभिजन कार्यक्रम, भिडियो डकुमेन्ट्री मार्फत आवश्यकता अनुसार प्रकाशन एवं प्रशारण गरिनेछ ।

## खानेपानी आपूर्ति

➢ **"एक घर एक धारा"** कार्यक्रम अन्तर्गत खिजीदेम्वा गाउँपालिकाका सबै घरपरिवारहरुमा स्वच्छ पिउने पानीको व्यवस्था गर्न राष्ट्रिय आयोजनाका रुपमा सञ्चालन भइरहेका आयोजनाहरुलाई यथाशक्य छिटो सम्पन्न गराई सम्भाव्यताको आधारमा सबै टोलबस्तीमा खानेपानीको आपूर्तिको व्यवस्था मिलाइने छ ।

➢ खिजीदेम्वा गाउँपालिकाको बिस्तृत खानेपानी परियोजना प्रतिवेदन तयार पारी लामपाते खानेपानी आयोजना खिजीदेम्वा ७, काचपु खानेपानी आयोजना खिजीदेम्वा ८ र फाप्रे छेर्मादिङ खसिपारे खानेपानी आयोजना खिजीदेम्वा ९ लगायतका विभिन्न स्थानमा खानेपानी आयोजना विस्तार तथा मर्मत सम्भार गरी आगामी आर्थिक वर्ष भित्रै खानेपानीको सहज आपूर्तिको व्यवस्था गरिने छ ।

## आर्थिक विकास : कृषि, पशुपंक्षी, उद्योग तथा वित्तीय क्षेत्र

### कृषि विकास तथा पशुपंक्षी तर्फ

➢ कृषकहरुको आयस्तरमा बृद्धि गर्न कृषिमा आधुनिकीकरण तथा यान्त्रीकरण गरी कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि गराउने कार्यक्रम सञ्चालन गरिने छ ।

➢ परम्परागत निर्वाहमुखि कृषि प्रणालीलाई आधुनिक व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्नका लागि आवश्यक कृषि कार्यक्रमहरु निरन्तरता दिइने छ ।

➢ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिने छ ।

➢ गाउँपालिका भरी रहेका कृषकहरुलाई **एक घर एक करेसावारी** कार्यक्रम सञ्चालन गर्न गराउन **उत्कृष्ट करेसाबारी कृषक प्रोत्साहनको** कार्यक्रम सञ्चालन गरिने छ ।

➢ उद्यम व्यवसाय प्रवर्द्धनकालागि उद्यमी तथा व्यवसायीहरुले बैंक तथा वित्तिय संस्थाबाट लिईएको ऋणमा लाग्ने कुल व्याजको **५० प्रतिशत व्याज छुट** दिने खिजीदेम्वा गाउँपालिकाको कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।

➢ खेती प्रणाली सुधार तथा कृषक क्षमता अभिबृद्धि कार्यकालागि सिप विकासको कार्यक्रम सञ्चालन गरिने छ ।

➢ मौरीपालन, फलफूल खेती, अलैची, बेमौसमी तरकारी कफी तथा चिया खेती जस्ता नगदे बाली र स्थानीय खाद्यन्न बालिलाई कृषि समुह, कृषि फर्म, कृषि सहकारी मार्फत पकेट क्षेत्र विकास गरी अर्गानिक खेतीको प्रवर्द्धन र विकासकाको कार्यक्रम सञ्चालन गरिनेछ ।

➢ पशुपालन गर्ने कृषकहरुको पशुधन सुरक्षाका **लागि पशु विमा कार्यक्रम**लाई प्रभावकारी रुपमा अगाडी बढाउन कृषक प्रोत्साहन कार्यक्रम अन्तर्गत गाउँपालिकाको तर्फबाट **एक घर एक पशु विमा कार्यक्रम** सञ्चालन गरिने छ ।

➢ कृषि क्षेत्रप्रति युवा पुस्ताको आकर्षण बढाउन **कृषिमा युवा कार्यक्रम अन्तर्गत** युवा सम्मिलित कृषि व्यवसाय/कृषि फर्मलाई मागका आधारमा कृषि कार्यक्रममा आवश्यक सहयोग समन्वय तथा सहजिकरण गरिने छ ।

➢ प्रतिस्पर्धात्मक गुणस्तरीय कृषि जन्य वस्तुहरुको उत्पादनको प्रवर्द्धनकालागि वडा स्तर र गाउँपालिका स्तरमा कृषि मेला प्रर्दशनी गरी उत्कृष्ट उत्पादन गर्ने कृषकलाई पुरस्कृत गरिने छ ।

➢ समुदायमा आधारीत एकल महिला तथा विपन्न दलित घर परिवारलाई पशुपंक्षी सहयोग कार्यक्रम सञ्चालन गरिने छ ।

➢ पशु आहार विकास सेवाको कार्यक्रम तथा पशु गोठ तथा भकारो सुधार कार्यक्रम सञ्चालन गरिने छ ।

➢ लघु उद्यम विकास कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउनका लागि सिप विकास तालिम कार्यक्रम सञ्चालन गरी लघु उद्यमी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

➢ व्यापारीहरुलाई आफ्नो व्यावसाय सहज सञ्चालनका लागि दर्ता प्रकृया देखि नविकरण सम्मका कार्यहरुमा सहजीकरण गरिने छ ।

➢ स्थानीय खाद्यान्न वाली विकास कार्यक्रमलाई प्रर्वद्धन गरी कृषि उपज बृद्धि गराई खाद्यन्न आपूर्ति व्यबस्था मभवुत गराइने छ ।

➢ थोक तथा खुद्रा व्यापारीको रुपमा स्थानीय खाद्यान्न संकलन तथा भण्डारण गरी खाद्य उपयोगको लागि निरन्तर विक्री वितरण गर्ने व्यापार व्यावसायलाई प्रोत्साहन गरिने छ ।

➢ छरीएर रहेको पुँजी संकलन तथा बचत बृद्धि गरि पुँजी निर्माणको दर बृद्धि गर्नकालागि मौद्रिक कारोवार गर्ने बैंक तथा सहकारी संस्था आदि वित्तिय संस्थाहरुको विस्तार तथा उनीहरुको भूमिकालाई थप प्रभावकारी तथा सहज गराउन आवश्यक पहल गरिने छ ।

➢ कृषि संकलन केन्द्र तथा कृषि सहकारीको माध्यमबाट कृषि जन्य उत्पादनको बजारीकरण गर्दै स्थानीय उत्पादन प्रर्वद्धन गरिने छ ।

## पर्यटन विकास

➢ खिजीदेम्वा गाउँपालिकालाई पर्यटनमैत्री गाउँपालिकाको रुपमा अगाडी बढाउनका लागि पर्यटकीय महत्व भएका विभिन्न प्राकृतिक, धार्मिक, ऐतिहासिक स्थल तथा भाषा, धर्म, संस्कृति, मठ मन्दिर, गुम्बा चर्चको संरक्षण गदै पर्यटन प्रर्वद्धनका लागि पुर्वाधारको विकास गरिदै लगिने छ ।

➢ नेपाल सरकारबाट गन्तव्य १०० को सूचीमा सूचीकृत पर्यटकीय स्थल थोलेदेम्बालाई प्रमुख आर्कषक पर्यटकीय गन्तव्य स्थलको रुपमा विकसित गर्नकालागि गाउँपालिकाबाट तयार पारिएको थोलेदेम्बा पर्यटन प्रर्वद्धन विस्तृत परियोजना प्रतिवेदनका आधारमा उक्त स्थानमा भ्यू टावर, पदमार्ग, बुद्ध, शिव मन्दिर निर्माण, रज्जु मार्ग, पार्क प्रतिक्षालय निर्माण, संग्रालय खानेपानी विद्युत व्यवस्थापन शौचालय आदि पर्यटन पुर्वाधार विकासका कार्यक्रमहरुलाई निरन्तरता दिदै लगिने छ ।

➢ ओखलढुंगा जिल्लाको उत्तर पश्चिम क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गराउन लिखु नदि समेत समेटिएको पोकली भरना, गौरीवन, चुलीदेवी, थोलेदेम्वा देखि पिके सोलुखुम्वु सहितको पर्यटकीय क्षेत्रकोरुपमा विकास गर्न  एकीकृत कार्यक्रम माग गर्न सबै सरोकारवालाहरुको साझा प्रयासबाट आवश्यक पहल गरिने छ ।

वेद बहादुर रोका
अध्यक्ष

## स्वास्थ्य, शिक्षा, बालबालिका तथा समावेशीकरण

### स्वास्थ्य

- आम सर्वसाधरणको स्वास्थ्य सुरक्षाका लागि खिजीदेम्वा गाउँपालिकाभित्र स्वास्थ्य सेवा प्रदायक : अस्पताल तथा स्वास्थ्य चौकी, प्राथामिक स्वास्थ्य केन्द्र, स्वास्थ्य इकाई आदी स्वास्थ्य संस्थाहरुको दरबन्दी अनुसारको कर्मचारी व्यवस्थापन तथा आवश्यक पुर्वाधारहरुको व्यवस्था गरिदै लगिने छ ।
- खिजीदेम्वा गाउँपालिका खिजीफलाटेमा रहेको स्वास्थ्य चौकीको स्तरोन्नती गरि **१५ शैयाको** अस्पताल निर्माण गर्न नेपाल सरकारबाट चालु आर्थिक वर्षमा स्वीकृत भएको अस्पताललाई आगामी आर्थिक वर्षबाट निर्माण कार्य सुरु गर्न गराउन आवश्यक पहल गरिने छ ।
- खिजीदेम्वा गाउँपालिका खिजीचण्डेश्वरीमा निर्माण गरिने प्रशुति सेवा सहितको ५ शैयाको सामुदायिक अस्पतालको निर्माण कार्य आगामी आर्थिक वर्ष भित्र सम्पन्न गरिसकिने छ ।
- आम सर्वसाधरणमा सहज स्वास्थ्य सेवा उपलव्ध गराउनका लागि भई रहेका विद्यमान स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गर्नुका साथै स्वास्थ्य सेवालिन अपायक परेका खास-खास टोल बस्तीमा थप स्वास्थ्य इकाई स्थापना गरी स्वास्थ्य सेवाको पहुँच सहज गराईने छ ।
- स्थानीय जेष्ठ नागरिक, अशक्त, अपांग तथा महिला लक्षित गरी उनीहरुको स्वास्थ्य जाँच तथा उपचारका लागि मागका आधारमा निशुल्क स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।
- आम सर्वसाधरणमा निशुल्क औषधी आपूर्ति व्यवस्था मझभूत गराईने छ ।
- स्वास्थ्य चौकीहरुको क्षमता अभिबृद्धिका लागि अक्सिजन, सिलिन्डर, Nabulizer Machine लगायतका आवश्यक विभिन्न प्रकारका स्वास्थ्य उपकरणहरु व्यवस्थापन गरी आम सर्वसाधरणमा गुणात्मक स्वास्थ्य सेवा प्रवाह गर्ने कार्यका लागि सहज गराईने छ ।
- अति विपन्न घरपरिवारका विशिष्ट प्रकृतिका अशक्त संरक्षण विहिन अपाङ्ग नागरिकहरुको स्वास्थ्य रक्षा तथा उपचारका लागि निश्चित मापदण्ड बनाई औषधी उपचार खर्चको व्यवस्था गरिने छ ।
- बालवालिका, गर्भवती तथा सुत्केरीहरुको पोषण अवस्थाको लेखाजोखा, नियमन, कुपोषण उपचार लगायत मातृशिशु सुरक्षाको लागि **पोषण प्रवर्द्धनात्मक** कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- महामारी फैलाउन सक्ने रोगहरुको निगरानी र नियन्त्रणको लागि निरोधात्मक र उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- **"स्वच्छ वातावरण स्वस्थ जिवन"** कार्यक्रम अन्तर्गत हरेक घर परिवार तथा टोल बस्तीमा स्वास्थ्य सरसफाई कार्यक्रम सञ्चालन गरिने छ ।
- प्रशुति सेवा विस्तार हुन नसकेका स्वास्थ्य चौकीहरुमा प्रशुति सेवा विस्तारको व्यवस्था मिलाईने छ ।

वेद बहादुर रोका
अध्यक्ष

## शिक्षा युवा तथा खेलकुद विकास

- राष्ट्रिय शिक्षा नीति, ऐन नियम कानुनको अधिनमा रहि खिजीदेम्वा गाउँपालिकाको शिक्षा नीति तथा कार्यविधि लागु गरी सबै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उच्च गराउदै लगिने छ ।
- सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालनको कार्यक्रम थप गर्न, गराउन आवश्यक पहल गरिने छ ।
- उच्च शिक्षा अध्ययन अध्यापनको कार्यलाई व्यवस्थित गराईने छ ।
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना हुने वातावरण सिर्जना गरिने छ ।
- वालमैत्री तथा प्रविधिमैत्री शिक्षण सिकाई क्रियाकलापलाई जोड दिदै मातृभाषा पठनपाठनलाई निरन्तरता दिइने छ ।
- कक्षा ५ सम्मका आधारभूत बिद्यालयहरुमा बालआर्कषण बढाई शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यालयहरुमा श्रव्यदृष्य सामाग्रीहरुद्धारा पठनपाठन गराउन प्रोजेक्टर र सोलार सेट उपलब्ध गराइने छ ।
- शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार शिक्षक तालिम तथा क्षमता अभिबृद्धिको कार्यक्रम सञ्चालन गरिने छ ।
- विगत देखि सञ्चालित **बुहारी छात्रबृत्ति लगायतका जेहेन्दार, दलित, जनजाती, अल्पसंख्यक, विपन्न** विद्यार्थीहरुलाई छात्राबृत्ति कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- शैक्षिक गुणस्तर अभिबृद्धिका लागि विद्यालयलाई दिईंदै आएको शैक्षिक गुणस्तर अभिबृद्धि कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- विद्यार्थीहरुको शैक्षिक गुणस्तर क्षमता पहिचानको प्रतिस्प्रर्धात्मक क्षमता विकासको कार्यक्रम सञ्चालन गरिने छ ।
- युवाहरुको शारिरीक मानसिक, संवेगात्मक क्षमताको विकास गर्नका लागि वडा तथा गाउँपालिका स्तरमा खेलकुद लगाएका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारी लाई **बालकक्षा सहयोगि तथा विद्यालय कर्मचारी प्रोत्साहन कार्यक्रम** अन्तर्गत थप मासिक पारिश्रमिक उपलब्ध गराईने छ ।

## महिला बालबालिका तथा समाज कल्याण विकास

- महिला, बालबालिका तथा फरक क्षमता भएका व्यक्तिहरु एवं दलित समूदाय, अल्पसंख्यक र सिमान्तकृत समूदायलाई सचेतनामूलक कार्यक्रम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।
- अति विपन्न **(एकल महिला, पुरुष, घरेलु हिंसा पीडित महिला, संरक्षक विहिन ज्येष्ठ नांगरिक र अशक्त अपांङ्ग)** नागरिकहरुलाई दिइने सिफारिसहरु निशुल्क गरिने छ ।
- जेष्ठ नागरिकहरु समाजका गहना तथा अनुभवका स्रोत सम्झी उनीहरुलाई घर परिवार तथा समाजले उच्च सम्मानका साथ असल व्यवहार गर्ने वातावरण सृजना गर्ने गराईने छ र जेष्ठ नागरिकहरुलाई आवश्यकताको आधारमा औषधी उपचार खर्चको व्यवस्था गरिने छ ।
- सामुदायिक संघ, संस्थाहरुको सहयोग, समन्वय र सक्रियताका साथ साथै सरकारी र गैर सरकारी संस्थाहरुको समन्वयमा लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुढृढीकरण गदै लगिने छ ।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता पाउने लक्षित समूहका व्यक्तिहरुको मुल अभिलेख अध्यावधिक गरी उक्त कार्यक्रमद्धारा लक्षित व्यक्तिहरुको विवरण एम.आई.एस. प्रणालीमा समयमै समावेश गरी उपलब्ध गराईने छ ।

खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
१ नं प्रदेश, नेपाल

- खिजीदेम्वा गाउँपालिका शेर्पा, तामाङ, सुनुवार आदी विभिन्न जनजातिको बाहुल्यता भएको गाउँपालिका भएकोले जातजातीहरुको भाषा धर्म संस्कृति संरक्षण तथा संवर्द्धन गर्न आवश्यक व्यवस्था गदै लगिने छ ।
- राज्यबाट पिछडिएका वर्ग, समुदाय र समाजको हित एवं उत्थानको लागि समाबेसीकरण सिद्धान्तमा आधारीत सामाजिक न्याय कायम गर्न वितरणकारी कार्यक्रमहरु क्रमश सञ्चालन गरिने छ ।
- बालश्रम तथा सबै प्रकारका बाल दुर्व्यवहारलाई निरुत्साहित गर्ने नीति अवलम्वलन गरिने छ ।
- कानूनले अन्त्य गरीसकेको तर समाजमा अझै विद्यमान रहेको छुवाछुत प्रथाको अन्त्य गरी जातिय विभेदरहित समाज निर्माण गर्न पहल गरिनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

- जडिबुटीको उत्पादन, संरक्षण, प्रशोधन कार्यक्रम अन्तर्गत समाजमा आर्थिक आम्दानीको स्रोत वृद्धि गर्न सरकारी, निजी तथा गैरसरकारी क्षेत्रलाई आकर्षित गराउने नीति अवलम्बन गरीने छ ।
- सामुदायिक वनको व्यवस्थापन तथा संरक्षणलाई थप व्यवस्थित बनाईने छ ।
- सामुदायिक वनलाई काष्ठजन्य, जडिबुटी जन्य वनको रुपमा विकसित गर्ने नीति अवलम्बन गरिने छ ।
- सरकारी सार्वजनिक खालि जग्गामा समुदायस्तरबाट आयआर्जनमा सहयोग पुर्याउने उपयोगि जडिबुटी तथा बृक्षारोपण गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।
- सामुदायिक वन जंगल एव जंगली जीवजन्तुको संरक्षणका लागि स्थानीय सामुदायिक वन उपभोक्ता समितिहरुलाई जिम्मेवार बनाउने नीति अवलम्बन गरिने छ ।
- जडीबुटीको उत्पादन एवं प्रशोधनका लागि जिल्ला वन डिभिजन कार्यालय, प्रदेश सरकार र संघीय सरकारलाई आवश्यक बजेट व्यवस्थाका लागि पहल गरिनेछ ।
- प्रत्येक वडा र टोलबस्तिमा उत्सर्जन हुने फोहोरमैला व्यवस्थापन गरी आ आफ्नो टोलबस्ती स्वच्छ र सफा गराउन स्थानीय समुदायलाई सक्रिय बनाईने छ ।
- विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय विपद् व्यवस्थापन कोषलाई थप प्रभावकारी वनाइ गाउँपालिकाको विपद् व्यवस्थापन योजनालाई प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।
- विपद् व्यवस्थापनमा उद्धार कार्यकालागि प्रत्येक वडामा वडा विपद् समिति अन्तर्गत युवा सम्मिलित भएको एक उद्धार समुह(Rescue Team) गठन गरी परिचालन गरिने व्यवस्था गरिने छ ।
- प्रत्येक वडामा विपद् व्यवस्थापनसँग सम्वन्धित औजार, उपकरण तथा सामाग्रीहरुको जोहो गरिनेछ । विपद् सम्भावित क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा पूर्व सतर्कता र सजगता अपनाइनेछ ।
- विपद् व्यवस्थापन कार्यक्रम अन्तर्गत आवश्यकताका आधारमा राहात तथा उद्धार कार्य गरिने छ ।

- भूकम्पबाट क्षतिग्रस्त भएका घरपरिवार, विद्यालय, मठ मन्दिर, गुम्बा लगायतका सार्वजनिक संरचना तथा लाभान्बितहरुको आवास पुननिर्माण गर्ने कार्य बन्दाबन्दीको कारणले ढिला हुन गएको हुदाँ उक्त कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त समय थप गर्न गराउन सम्बन्धित निकायमा पहल गरिने छ ।

वेद बहादुर राई
अध्यक्ष

## सुशासन तथा संस्थागत विकास

- नेपालको संविधानको अनुसूचि ८ बमोजिमका आफ्ना अधिकारक्षेत्रका विषयमा संघ र प्रदेश सरकारको नीति तथा कानूनसंग नवाझिने गरी स्थानीय सरकार सञ्चालनलाई विधिवत गराउन आवश्यक पर्ने नीति तथा कानून तर्जुमा गरी विधिको शासन सञ्चालन गरिनेछ। जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्ने तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- स्थानीय सरकारको सेवा जनउत्तरदायी गराउन स्थानीय प्रशासनलाई स्वच्छ, सक्षम, पारदर्शी उत्तरदायी एवं जवाफदेहि बनाउँदै आर्थिक एवं वित्तीय सुशासनलाई प्रवर्द्धन गरिनेछ। सूचना सम्प्रेषणको लागि सूचना प्रविधिको विकास तथा उपयोगबाट सर्वसाधारणको सूचनामा पहुँच सुनिश्चित गरिनेछ।
- स्थानीय सरकारबाट सञ्चालन गरिने सेवा प्रवाहमा सुधार, शान्ति सुव्यवस्थाको सुढृढीकरण र सुशासन प्रर्वद्धन गर्दै सार्वजनिक सेवा प्रवाह गरिने छ।
- स्थानीयस्तरमा हुने विवाद निरुपण गर्न हरेक वडामा रहेका मेलमिलापकेन्द्रहरुलाई सुदृढीकरण गरिनेछ। गाउँपालिकाको न्यायिक समितिको र मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- यस गाउँपालिकाबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु नियमित सञ्चालन गरिने छ।
- जनप्रतिनिधीहरु एवं कर्मचारीहरुले पालना गर्नुपर्ने आचारसंहिता कडाईका साथ पालना गरिनेछ।
- **"म भ्रष्ट्रचार गर्दिन, म भ्रष्ट्रचार हुन दिन्न म देश र जनताका लागि इमान्दार भएर काम गर्ने छु "** भन्ने प्रतिज्ञाका साथ यस गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधीहरु र कर्मचारीहरु परिवार सिंगो गाउँपालिकाको समुन्नत विकासमा अगाडी बढिनेछ।
- कार्यसम्पादनका आधारमा कर्मचारीहरुको मनोवल उच्च राख्न कर्मचारीहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईने छ।
- गाउँ कार्यपालिका तथा वडा कार्यालयबाट प्राप्त हुने वस्तु तथा सेवा प्रवाह गर्ने प्रक्रिया तथा सेवा लिनका लागि लाग्ने समय र दस्तुर सम्बन्धी जानकारी सहितको नागरिक वडापत्रलाई( विद्युतीय नागरिक वडापत्र सहित) अद्यावधिक गरी गाउँ कार्यपालिका तथा वडा कार्यालयमा राख्ने व्यवस्था मिलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।
- गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गर्ने सेवालाई प्रविधिमैत्री सेवाको रुपमा विकास गरिने छ।
- गाउँपालिका तथा वडा कार्यालयबाट हुने सम्पूर्ण क्रियाकलापको पारदर्शिता, जवाफदेहीता एवं उत्तरदायी बनाउन सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ।

वेद बहादुर रोका
अध्यक्ष

## आय आर्जन तथा रोजगारी सिर्जना

- निष्कृय रुपमा रहेको श्रम तथा युवा शक्ति उपयोग कार्यक्रम अन्तर्गत विभिन्न प्रकारका सिप विकास तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- महामारीका कारण रोजगारी गुमाएका श्रमिक, साना किसान, गरिब तथा विपन्न बर्गलाई लक्षित गरि सिप विकास तालिम र स्वरोजगारी एवं आय आर्जन सम्बन्धी आवश्यकताका आधारमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई रोजगारका विभिन्न कार्यक्रमहरुसंग आवद्ध गराई प्रभावकारी रुपमा उत्पादन मुलक रोजगारी सिर्जना गर्ने कार्यक्रम कार्यान्वयन गरिने छ ।
- विभिन्न क्षेत्रमा स्वरोजगार मुलक सिप विकासका तालिम सञ्चालन गरिने छ ।
- गाउँपालिका भित्र सञ्चालन गरिने अधिकांश विकास निर्माणका कार्यहरुलाई स्थानीय श्रम उपयोग हुने गरी सञ्चालन गरि दैनिक रोजगारीको अवसर सिर्जना गरिने छ ।
- युवा तथा अन्य उद्यमी र बैदेशिक रोजगारीबाट फर्केका अनुभवि तथा सिप युक्त उद्यमीहरुलाई आफ्नै गाउँ ठाउँमा उद्यम व्यवसाय सुरु गर्न आकर्षित गरि आर्यआर्जन तथा रोजगारी सिर्जनाको वातावरण बनाइने छ ।
- जडीबुटी उत्पादन तथा प्रशोधनबाट स्थानीय स्तरमा हुन सक्ने रोजगारी सिर्जनाका संभाव्यता अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गरीने छ ।

## सार्वजनिक सुनुवाई/सामाजिक परीक्षण/आन्तरीक तथा अन्तिम लेखा परिक्षण

- वडा तथा गाउँकार्यपालिकाको कार्यालयद्धारा सम्पादित कार्यहरुको जानकारी र गुणस्तर मापनका लागि सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण कार्यक्रमको आयोजना गर्नुका साथै आन्तरीक लेखा परिक्षण तथा आन्तरीक नियन्त्रण प्रणाली, अन्तिम लेखा परीक्षण तथा वेरुजु फछ्यौट जस्ता कार्यहरुलाई व्यवस्थित गरी कार्यान्वयनमा ल्याईने छ ।

## जनता आवस कार्यक्रम

- गाउँपालिका भित्र बसोवास गर्ने गरिब तथा विपन्न परिवारका नागरीकहरुलाई सुरक्षित रुपमा बसोबासको प्रत्याभूति गराउन संघ तथा प्रदेश र स्थानीय सरकारले साझेदारीमा सञ्चालन हुने यस गाउँपालिकाको योजना तथा कार्यक्रममा उल्लेखित भएको सुरक्षित नागरिक आवास तथा जनता कार्यक्रमलाई थप विस्तार गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।

## अन्य विविध क्षेत्रहरु

- स्थानीय कला, संस्कृति, भाषा, धर्म तथा चाडपर्वको संरक्षण तथा सर्म्बद्धन गर्ने कार्यक्रमहरुलाई प्रोत्साहन दिइने छ ।
- सार्वजनिक रुपमा मनाईने विभिन्न प्रकारका स्थानीय चाडपर्वहरु : ग्याल्पो ल्होसार, सोनाम ल्होसार, चण्डीपुजा, क्रिस्मस, तमु ल्होसार आदी कार्यक्रमहरुमा १ दिन सार्वजनिक विदा दिईने छ ।

➢ अन्त्यमा, **"खिजीदेम्वा गाउँपालिकाको लक्ष्य, विकास समृद्धि र सुन्दर भविष्य"** को हाम्रो महान अभियानमा प्रत्यक्ष, अप्रत्यक्ष रुपले साँथ र सहयोग गर्नुहुने केन्द्र तथा प्रदेश सरकार, गाउँपालिका परिवार, राजनीतिक दलहरु, नागरीक समाज, सहकारी संस्था, गैरसरकारी संघ संस्थाहरु, निजी क्षेत्र, समाजसेवी तथा वुद्धिजिवीहरु, कर्मचारी, सुरक्षाकर्मि, पत्रकार लगायत सम्पूर्णमा खिजीदेम्वा गाउँपालिकाको तर्फबाट हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि निरन्तर साथ र सहयोगको अपेक्षा गरिएको छ ।

**जय खिजीदेम्बा**

वेद बहादुर रोका
अध्यक्ष